विधेयक संख्या:

अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

संघीय संघीय संसद सचिवालय

संघीय संसद

सिंहदरबार

अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का उद्देश्य र कारण

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गरेको छ ।संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ ।नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हक, धारा ४० को दलितको हक समेतका मौलिक हकहरुका कार्यान्वयनका लागि शिक्षामा सवैको पहुँच, जीवनोपयोगी र गुणस्तरयुक्त शिक्षा सुनिश्चित गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले संघीय संसद समक्ष अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी विधेयक, २०७५ प्रस्तुत गरेको छ ।

गिरिराजमणि पोखरेल

मन्त्री

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

संघीय संघीय संसद सचिवालय

आर्थिक टिप्पणी

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज पहुँच, जीवनोपयोगी र गुणस्तरयुक्त शिक्षा सुनिश्चितता गर्न मौलिक हक सम्वन्धी नागरिकको अधिकारको कार्यान्वयन संयन्त्र स्थापना गर्न पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति वा आर्थिक सहायता प्रदान गर्न सक्ने प्राथमिक स्वास्थ्य उपचार लगायतका व्यवस्था गर्नु परेको व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

गिरिराजमणि पोखरेल

मन्त्री

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

संघीय संघीय संसद सचिवालय

अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को प्रत्यायोजित व्यवस्था सम्वन्धी टिप्पणी

क्र.सं.	दफा	प्रत्यायोजित व्यवस्था अन्तर्गत वनाइने कानूनको प्रकृति र सिमा	प्रत्यायोजित व्यवस्थाको कारण	प्रत्यायोजित व्यवस्थावाट पर्न सक्ने प्रभाव
१	३	(४) प्रत्येक निरक्षर नागरिकलाई तोकिएबमोजिम साक्षर हुने अधिकार हुनेछ ।	निरक्षर नागरिकहरुलाई साक्षर हुने अधिकार सम्वन्धी थप व्यवस्था नियमावलीमा तोक्न आवश्यक भएको	आवश्यक अनुसार परिमार्जन गर्न सहज हुने
२	३	(५) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि र बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट तोकिएबमोजिम नि:शुल्क शिक्षा पाउने अधिकार हुनेछ ।	दृष्टिविहीन नागरिकलाई ब्रेललिपि र बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकको शिक्षा सम्वन्धी अधिकारको थप व्यवस्था नियमावलीमा तोक्न आवश्यक भएको	आवश्यक अनुसार परिमार्जन गर्न सहज हुने
३	१४	(२) आधारभूत तहसम्मको वैकल्पिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	वैकल्पिक शिक्षा सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	नियमावलीमा तोक्न सहज हुने
४	१५	(२) खुला विद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	खुला विद्यालय सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	नियमावलीमा तोक्न सहज हुने
५	१६	(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकुल, गुम्बा वा मदरसाले बालबालिकालाई शिक्षा	गुरुकुल, गुम्बा वा मदरसा सञ्चालन सम्वन्धी अन्य सर्त तथा मापदण्ड	नियमावलीमा तोक्न सहज हुने

संघीय संसद सचिवालय

		प्रदान गर्दा स्थानीय तहले कानूनबमोजिम निर्धारण गरेको र तोकिएबमोजिमको अन्य सर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।	नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	
६	१६	(५) परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।	परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	नियमावलीमा तोक्न सहज हुने
७	१८	(४) अभिभावक पहिचान नभएका बालबालिकाको पठन पाठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	स्थान विशेषमा विभिन्न कारणवाट अभिभावक पहिचान नभएका बालबालिकाको पठन पाठन सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	समयसापेक्ष निर्णय लिन सहज हुने
८	२०	(३) नि:शुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	नि:शुल्क शिक्षा सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	नियमावलीमा तोक्न सहज हुने
९	२१	(१) नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक सार्वजनिक विद्यालयका बालबालिकालाई पाठ्यपुस्तक वापतको रकम तोकिएबमोजिम स्थानीय तहलाई उपलब्ध गराउनेछ ।	समयानुसार पाठ्यपुस्तकको रकम फेरवदल गरिरहनु पर्ने भएकोले पाठ्यपुस्तक वापतको रकमसम्वन्धी व्यवस्था छुट्टै प्रकारले तोक्न उपयुक्त हुने भएकोले	समयसापेक्ष अद्यावधिक गर्न सहज हुने
१०	२२	(२) स्थानीय तहले आधारभूत तहसम्मका शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयका लागि तोकिएबमोजिम आवश्यक प्रयोगशाला, कम्प्युटर तथा सूचना प्रविधिको	प्रयोगशाला, कम्प्यूटर तथा सूचना प्रविधिको पँहुचको व्यवस्था गर्ने सम्वन्धी व्यवस्था ऐनमा उल्लेख गरी रहन उपयुक्त नहुने	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने

संघीय संसद सचिवालय

		पँहुचको व्यवस्था गर्नु पर्नेछ ।	भएकोले	
		(३) शैक्षिक सामग्री प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।	शैक्षिक सामग्री प्रदान गर्ने सम्बन्धी व्यवस्था समायानुकुल तरिकावाट तोक्न सकिने भएकोले	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने
११	२३	(१) मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्कभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदायका वा आर्थिक रूपले विपन्न नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिएबमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।	मासिक छात्रवृत्ति, आर्थिक सहायता वा आर्थिक प्रोत्साहन रकम सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने
१२	२४	(१) स्थानीय तहले प्रत्येक सार्वजनिक विद्यालयमा तोकिए बमोजिमको निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।	स्थानीय तहले निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था अन्यतरिकावाट तोक्न सकिने भएकोले	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने
१३	२४	(२) निजी विद्यालयमा तोकिए बमोजिमको निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने दायित्व निजी विद्यालयको हुनेछ ।	निजी विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	नियमावलीमा तोक्न सहज हुने
	२६	(२) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएबमोजिमको प्रतिस्पर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नु पर्नेछ ।	आरक्षणमा भर्ना प्रतिस्पर्धाको आधारमा छनौट सम्वन्धी व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने

१४	३३	(३) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालयले प्रचलित कानूनले तोकेको मापदण्ड पूरा गर्नु पर्नेछ ।	बिशेष सुविधा सम्पन्न तथा घुम्ती विद्यालय सञ्चालन सम्वन्धीको मापदण्ड सम्वन्धी व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएकोले	स्थान विशेष र समय सापेक्ष अद्यावधिक गर्न सहज हुने
१५	३४	(६) अनुगमन सुचकांक बमोजिम कार्यान्वयन भए नभएको सम्वन्धमा नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायले प्रगतिको मापन गर्न सक्नेछ ।	अनुगमन सुचकांक बमोजिमको प्रगतिको मापन गर्ने निकाय नेपाल सरकारवाट तोक्न आवश्यक भएकोले	समय सापेक्ष निर्णय लिन उपयुक्त हुने भएकोले
१६	३७	नेपाल सरकारले यो ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।	ऐनको कार्यान्वयन गर्न आवश्यक नियम वनाउन आवश्यक भएकोले	ऐन कार्यान्वयन गर्न सहज हुने
१७	३८	(१) नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयले यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ ।	ऐनको कार्यान्वयन सम्वन्धमा आवश्यक शैक्षिक मापदण्ड बनाउन आवश्यक भएकोले	ऐन कार्यान्वयन गर्न सहज हुने

संघीय संसद सचिवालय

अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को व्याख्यात्मक टिप्पणी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम र प्रारम्भ	शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज पहुँच, जीवनोपयोगी र गुणस्तरयुक्त शिक्षा सुनिश्चित गर्न आवश्यक भएकोले यस ऐनको नाम र प्रारम्भ हुने मिति एकिन गर्नु पर्ने भएकोले यस्तो व्यवस्था गरेको
२	परिभाषा	ऐनमा पटक पटक प्रयोग भएका शव्दहरुलाई उल्लेख गर्न र ति शव्दहरुको अर्थ स्पष्ट गर्नका लागि परिभाषित शव्दहरु राखिएको
३	शिक्षा प्राप्त गर्ने अधिकार	प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
४	शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने	संवैधानिक व्यवस्था वमोजिम शिक्षा प्रदान गर्ने दायित्व सम्वन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
५	शिक्षाको प्रकृति	आधारभुत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षाको प्रकृति सम्वन्धि व्यवस्था गर्न आवश्यक भएकोले
६	अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने	संवैधानिक व्यवस्था वमोजिम अनिवार्य शिक्षालाई कार्यान्वयन गर्न कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
७	बालबालिका भर्ना गराउनु पर्ने	संवैधानिक व्यवस्था वमोजिम अनिवार्य शिक्षालाई कार्यान्वयन गर्न कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
८	पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने	वालवालिकाको आफ्नो पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नुपर्ने भएकोले
९	भर्ना गर्न इन्कार गर्न नहुने	आधारभुत तह सम्मको शिक्षा प्राप्त गर्ने उमेर समुहका वालकालिकाहरुको भर्ना हुने अधिकारलाई सुनिश्चित गर्न

संघीय संसद सचिवालय

		आवश्यक भएकोले
१०	विद्यालयबाट निष्काशन गर्न नहुने	विद्यालयमा भर्ना भई आधारभुत तहको शिक्षा लिईरहेका वालवालिकालाई विद्यालयवाट निष्काशन गर्न नहुने कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
११	पुनः भर्ना गर्नु पर्ने	विद्यालयमा पुन भर्ना गर्नुपर्ने अवस्थालाई कानूनी व्यवस्था गर्न आवश्यक भएकोले
१२	स्थानान्तरण गर्नु पर्ने	विभिन्न कारणवाट एक विद्यलयवाट अर्को विद्यालयमा स्थानान्तरण गर्ने कार्यलाई व्यवस्थित गर्नु परेकोले
१३	स्थानान्तरण प्रमाणपत्र दिनु पर्ने	कुनै तह पुरा गरी वा अन्य कुनै कारणवाट एक विद्यलय छाडी अर्को विद्यालयमा स्थानान्तरण हुने व्यवस्थालाई व्यवस्थित गर्न आवश्यक भएकोले
१४	आधारभूत तहसम्म वैकल्पिक शिक्षा	विद्यालयमा भर्ना भई पुरा समय अध्ययन गरी आधारभुत तहको शिक्षा प्राप्त गर्न नसक्ने वालवालिकाहरुको लागि वैकल्पिक शिक्षा सम्वन्धी व्यवस्था गर्न आवश्यक भएकोले
१५	खुला विद्यालय	विद्यालयमा भर्ना भई पुरा समय अध्ययन गरी माध्यमिक तहको शिक्षा प्राप्त गर्न नसक्ने वालवालिकाहरुको लागि खुला शिक्षा सम्वन्धी व्यवस्था गर्न आवश्यक भएकोले
१६	परम्परागत शिक्षा प्रदान गर्न सकिने	परम्परादेखी चलिआएका परम्परागत शिक्षा सम्वन्धी व्यवस्थालाई कानूनी रुप दिन आवश्यक भएकोले
१७	प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था	आधारभुत तह पुरा गरेको नागरिकलाई प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न आवश्यक भएकोले
१८	अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा	अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा पाउने अधिकारलाई व्यवस्थित गर्न आवश्यक भएकोले
१९	योग्य नहुने	आधारभुत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक भएकोले
२०	माध्यमिक तहसम्मको शिक्षा	संविधानले व्यवस्था गरे वमोजिम माध्यमिक तह सम्मको शिक्षा

	नि:शुल्क हुने	निशुल्क गर्ने व्यवस्था गर्न आवश्यक भएकोले
२१	पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने	सार्वजनिक विद्यालयका वालवालिकालाई पाठ्यपुस्तक उपलव्ध गराउने सम्वन्धी व्यवस्था गर्न आवश्यक भएकोले
२२	शैक्षिक सामग्री प्रदान गर्ने	सार्वजनिक बिद्यालयमा भर्ना भएका आर्थिक रुपमा विपन्न वालवालिकालाई शैक्षिक सामग्री प्रदान गर्ने व्यवस्था गर्न आवश्यक भएकोले
२३	छात्रवृत्ति वा आर्थिक सहायता प्रदान गर्न सक्ने	मानव विकास सुचांकको दृष्टिकोणले तोकिएको सुचांक भन्दा पछाडी परेका समुदायका वालवालिकालाई शिक्षाको पहुँचमा ल्याउन आवश्यक भएकाले
२४	प्राथमिक स्वास्थ्योपचार उपलब्ध गराउने	सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको प्राथमिक स्वास्थ्योपचार सम्वन्धी व्यवस्था गर्न आवश्यक भएकोले
२५	शिक्षणको माध्यम भाषा	विद्यालयले प्रदान गर्ने शिक्षणको माध्यम भाषा तोक्न आवश्यक भएकोले
२६	निजी विद्यालयको विशेष जिम्मेवारी	निजी लागानीहरुको जिम्मेवारी सुनिश्चित गर्न आवश्यक भएकोले
२७	मातृभाषामा शिक्षा प्राप्त गर्न सक्ने	नेपालमा वसोवास गर्ने प्रत्येकसमुदायका नागरिकलाई आफ्नो मातृभाषामा शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नुपर्ने भएकोले
२८	विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्ने	समुदायवाट खोलिने विद्यालयलाई व्यवस्थित गर्नु परेकोले
२९	वजेट विनियोजन तथा अनुदान	शिक्षाका लागि वजेट विनियोजन तथा अनुदान सम्वन्धी व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने भएकोले
३०	अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्ने	आधारभुत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता र सहयोग वा अन्य रकम उपलव्ध गराउने सम्वन्धमा व्यवस्थित गुर्न परेकोले
३१	कसुर तथा जरिवाना	यस ऐन विपरित कार्य गर्नेका लागि कसुर तथा जरिवाना तोक्न आवश्यक भएकोले

संघीय संसद सचिवालय

३२	अपांगता तथा दलित नागरिकको विशेष अधिकार	अपांगता तथा दलित नागरिकको हकमा प्रचलित कानूनमा भए वमोजिम थप विशेष अधिकार प्रदान गर्नु परेको
३३	विशेष सुविधा सम्पन्न तथा घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने	विशेष सुविधा सम्पन्न तथा घुम्ती विद्यालय सञ्चालन गर्न आवश्यक भएकोले
३४	अनुगमन सुचकांक	शिक्षाको अधिकारको कार्यान्वयनको लागि अनुगमन सूचकांक तयार गर्न आवश्यक भएकोले
३५	प्रतिवेदन पेश गर्ने	यस ऐनको कार्यान्वयनको क्रममा स्थानीय निकायले गरेका कार्यको प्रतिवेदन मार्फत सार्वजनिकीकरण गर्न
३६	यसै ऐन बमोजिम हुने	यस ऐन सँग बाझिएको हदसम्म यसै ऐन वमोजिम हुने व्यवस्था उल्लेख गर्नु पर्ने भएकोले
३७	नियम बनाउने अधिकार	ऐन बमोजिम नियम वनाउन पाउने व्यवस्था प्रस्ताव गरिएको
३८	मापदण्ड बनाउने अधिकार	यस ऐन तथा ऐन अन्तर्गत वनेको नियमहरुको कर्यान्वयनको लागि मापदण्ड वनाउन आवश्यक हुने भएकोले

संघीय संसद सचिवालय

अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रस्तावना :शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज पहुँच, जीवनोपयोगी र गुणस्तरयुक्त शिक्षा सुनिश्चित गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभिभावक" भन्नाले बालबालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ ।

(ख) "आर्थिक रूपले विपन्न" भन्नाले तोकिएको सीमाभन्दा कम वार्षिक आय भएको अवस्था सम्झनु पर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक बाल शिक्षालाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ र सो शब्दले विद्यालय वा शिक्षण संस्थाको व्यवस्थापनको प्रमुख जिम्मेवारी भएको प्रधानाचार्य वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य व्यक्तिलाई समेतजनाउँछ ।

(च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म वा सो सरहको शिक्षा सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले स्थानीय तहबाट सञ्चालन भएको वा स्थानीय तहबाट स्वीकृति प्राप्त सार्वजनिक वा निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन

संघीय संसद सचिवालय

प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालयलाई समेत जनाउँछ ।

(ज) “शिक्षण संस्था” भन्नाले उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले विद्यालयलाई समेत जनाउँछ ।

(झ) “सार्वजनिक विद्यालय” भन्नाले सरकारी वा सामुदायिक विद्यालय सम्झनु पर्छ र सो शब्दले मुनाफा नकमाउने उद्देश्यले स्थापना वा सञ्चालन भएको कल्याणकारी तथा सार्वजनिक शैक्षिक गुठी विद्यालयलाई समेत जनाउँछ ।

(ञ) “निजी लगानीका विद्यालय” भन्नाले निजी लगानीमा स्थापना वा संचालन भएको विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संस्थागत विद्यालयलाई समेत जनाउँछ ।

परिच्छेद - २

शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व

३. शिक्षा प्राप्त गर्ने अधिकार : (१) प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानूनबमोजिम साक्षर हुने, प्रारम्भिक बाल शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानूनबमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक निरक्षर नागरिकलाई तोकिएबमोजिम साक्षर हुने अधिकार हुनेछ ।

(५) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि र बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट तोकिएबमोजिम निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

४. शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने : (१) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ ।

५. शिक्षाको प्रकृति :(१) आधारभूत तहको शिक्षा अनिवार्य हुनेछ र त्यस्तो शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

संघीय संसद सचिवालय

(२) माध्यमिक तहको शिक्षा साधारण, संस्कृत, प्राविधिक तथा व्यावसायिक हुनेछ र त्यस्तो शिक्षा निःशुल्क हुनेछ ।

(३) उच्च शिक्षा प्रतिस्पर्धी, सम्बन्धित व्यक्तिको योग्यता र क्षमतामा आधारित हुनेछ ।

(४) प्रत्येक नागरिकलाई प्रचलित कानूनबमोजिमको शर्त तथा मापदण्ड पूरा गरी आफ्नो क्षमता तथा रुची अनुसार उपदफा (३) बमोजिमको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(५) यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम नागरिकले प्राप्त गर्ने औपचारिक शिक्षा साधारण, व्यावसायिक तथा प्राविधिक प्रकृतिका हुनेछन् ।

परिच्छेद-३

अनिवार्य तथा निशुल्क शिक्षा

६. अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने : (१) यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले पाँच वर्ष पूरा भई बाह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

तर पाँच वर्षको उमेर पूरा हुनु अघि कम्तीमा एक वर्षको प्रारम्भिक बाल शिक्षा प्रदान गर्नु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्दा सम्बन्धित स्थानीय तहको इलाकाभित्र सञ्चालित स्वीकृत प्राप्त विद्यालयमार्फत प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) स्थानीय तहले प्राकृतिक विपद्, दुर्घटना, आकस्मिक घटना लगायतका अन्य कारणबाट प्रभावित बालबालिकालाई सुरक्षित रूपमा आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ ।

७. बालबालिका भर्ना गराउनु पर्ने : (१) यो ऐन प्रारम्भ भएपछि आधारभूत तहमा प्रत्येक बालबालिकालाई निजको उमेरअनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनु पर्नेछ ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनका लागि "पायक पर्ने विद्यालय" भन्नाले सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट सामान्यतया दुई किलोमिटरसम्मको दूरीमा रहेको विद्यालय सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्लाको भौगोलिक स्थिति, जनघनत्व, विद्यालय जाने उमेरका बालबालिकाको संख्या समेतलाई ध्यान दिई सामान्यतया दुई किलोमिटरभित्रको दूरीमा विद्यालय खोल्न बाधा परेको मानिने छैन ।

संघीय संसद सचिवालय

(३) उपदफा (१) बमोजिम विद्यालयमा भर्ना भएको बालबालिकाले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई पठनपाठनबाट बञ्चित गर्ने उद्देश्यले अभिभावकले विद्यालयबाट छुटाउनु वा विद्यालय जानबाट रोक लगाउनु हुँदैन ।

(४) विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सुविधा प्राप्त गर्न बञ्चित गर्न सकिनेछ ।

८. पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने : (१) प्रत्येक बालबालिकालाई निजको अभिभावकको बासस्थानबाट पायक पर्ने विद्यालयबाट आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेरको कुनै बालबालिकाको हकमा उपदफा (१) बमोजिमको विद्यालय उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले यो ऐन प्रारम्भ भएको तीन वर्षभित्र त्यस्तो ठाउँमा विद्यालय स्थापना गर्ने वा त्यस्तो बालबालिकाका लागि आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सक्ने बैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफामा लेखिएका कुनै पनि कुराले सम्बन्धित अभिभावकले आफूले चाहेको अन्य विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन वा सम्बन्धित बालबालिकाले रोजेको अन्य विद्यालयमा भर्ना भई शिक्षा प्राप्त गर्न रोक लगाउने छैन ।

९. भर्ना गर्न इन्कार गर्न नहुने : (१) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालयमा वा अन्य कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन :

(क) कुनै कक्षाको लागि अध्यापन गराउने विद्यार्थी जति संख्या निर्धारण गरिएको हो त्यति नै संख्यामा बालबालिका भर्ना भइसकेको भएमा,

(ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको न्यूनतम स्तर पूरा नगरेमा,

(ग) विद्यालयको भौतिक अवस्थाको कारणले थप बालबालिका भर्ना गर्न नसकिने भएमा ।

(२) उपदफा (१) का खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएपनि अपाङ्गता भएका बालबालिकालाई निजहरूकै पायक पर्ने विद्यालयले भर्ना गर्नुपर्नेछ ।

संघीय संसद सचिवालय

(३) उपदफा (१) बमोजिम बालबालिका भर्ना गर्न इन्कार गर्नु परेमा सम्बन्धित प्रधानाध्यापकले त्यस्तो विद्यालयको नजिकमा रहेको अन्य उपयुक्त विद्यालय भए सम्बन्धित बालबालिकालाई त्यस्तो विद्यालयमा भर्ना गर्न सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै बालबालिका भर्ना गर्न नसकेमा त्यसको कारण लिखित रूपमा अभिभावकलाई दिई सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ र त्यस्तो कार्यालयले सम्बन्धित वडाभित्र वा अन्यत्र रहेका विद्यालयमा त्यस्तो बालबालिकाको भर्नाको सहजीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ख) को अवस्थामा भर्ना गर्न नसकिने भएमा निजले आधारभूत तहको जुन कक्षाको स्तर पूरा गर्न सक्दछ निजको अभिभावकले चाहेमा सोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गराउनु पर्नेछ ।

(६) यस दफामा लेखिएको अवस्थामा बाहेक बालबालिकालाई भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुनेछ ।

१०. <u>विद्यालयबाट निष्काशन गर्न नहुने</u> : (१) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिइरहेको कुनै पनि बालबालिकालाई विद्यालयवाट निष्काशन गर्न सकिने छैन ।

(२) विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराब आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा बञ्चित गर्न सकिने छैन । त्यस्ता बालबालिकालाई विद्यालयले परामर्श सेवाको सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(३) आधारभूत तहको शिक्षा प्राप्त गरिरहेको कुनै बालबालिकाको अनुशासन, आचरण, पठनपाठन लगायतका विषयमा कुनै सुधार गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसँग छलफल वा परामर्श गरी त्यस्तो बालबालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्नेछ ।

११. <u>पुनः भर्ना गर्नुपर्ने</u> : (१) पाँच वर्ष पूरा भई बाह्र वर्ष उमेर पूरा नगरेको कुनै बालबालिका कुनै कारणले विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पूरा नगरेको वा आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोडेको भएमा निजको उमेर वा स्तर अनुरूप विद्यालयले दफा ९ को अधिनमा रही निजलाई पुनः भर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भर्ना भएको बालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालबालिकाको समान स्तरमा पुऱ्याउन आवश्यक भएमा सम्बन्धित विद्यालयले वैकल्पिक उपायको व्यवस्था गर्नु पर्नेछ ।

प्रदेश संघीय संसद सचिवालय

१२. <u>स्थानान्तरण गर्नुपर्ने</u> : (१) कुनै बालबालिका भर्ना भएको कुनै विद्यालयमा आधारभूत तह सम्मको अध्यापन गराउन स्वीकृत प्राप्त नभएको वा त्यस्तो विद्यालय अर्को विद्यालयमा गाभिएको वा कुनै कारणले विद्यालय बन्द गर्नु परेको अवस्थामा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालयबाट आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकालाई पायक पर्ने अर्को विद्यालयमा स्थानान्तरण गर्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बालबालिकालाई त्यस्तो विद्यालयमा पुनः भर्ना गराउनु पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विद्यार्थी वा निजको अभिभावकले रोजेको अन्य कुनै विद्यालयमा भर्ना हुन यस दफाले बाधा पुऱ्याउने छैन।

१३. <u>स्थानान्तरण प्रमाणपत्र दिनुपर्ने</u> : (१) आधारभूत तहसम्मको शिक्षा पूरा नगरेको कुनै बालबालिका वा निजको अभिभावकले कुनै कारण देखाई निजले अध्ययन गरिरहेको विद्यालय छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को कुनै विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा निजले पूरा गरेको अध्ययनको विवरण खुलाई सम्बन्धित प्रधानाध्यापकले निजलाई अविलम्ब स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र पेस गरेपछि दफा ९ को अधीनमा रही बालबालिकाले भर्ना हुन चाहेको विद्यालयले निजलाई अविलम्ब भर्ना गर्नु पर्नेछ।

१४. <u>आधारभूत तहसम्म वैकल्पिक शिक्षा</u> : (१) पायक पर्ने विद्यालय उपलब्ध नभएको कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) आधारभूत तहसम्मको वैकल्पिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५. <u>खुला विद्यालय</u> : (१) विद्यालयमा भर्ना भई नियमित रूपमा अध्ययन गर्न नसक्ने बालबालिकाले आधारभूत तहभन्दा माथिको माध्यमिक तहको शिक्षा खुला विद्यालयबाट प्राप्त गर्न सक्नेछ।

(२) खुला विद्यालयसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१६. <u>परम्परागत शिक्षा प्रदान गर्न सकिने</u> : (१) परम्परादेखि चलि आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकुल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नको लागि सञ्चालन गरिने गुरुकुल, गुम्बा वा मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।

संघीय संसद सचिवालय

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकुल, गुम्बा वा मदरसाले बालबालिकालाई शिक्षा प्रदान गर्दा स्थानीय तहले कानूनबमोजिम निर्धारण गरेको र तोकिएबमोजिमको अन्य सर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता गरी सञ्चालनमा रहेका गुरुकुल, गुम्बा वा मदरसाले प्रदान गर्ने शिक्षाका अतिरिक्त संघीय कानूनबमोजिम निर्धारण गरिएको पाठ्यक्रमबमोजिमको शिक्षा प्रदान गर्नु पर्नेछ ।

(५) परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१७. प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था : (१) आधारभूत तह पूरा गरेको प्रत्येक नागरिकलाई प्रचलित कानूनबमोजिम प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) यस ऐनमा लेखिएदेखि बाहेक आधारभूत तहपछि प्रदान गरिने प्राविधिक शिक्षासम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

१८. अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा: (१) कुनै स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्ने व्यवस्था गर्न स्थानीय तहको सम्बन्धित वडा समिति जिम्मेवार हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बालबालिकाको अभिभावकको पहिचान भएमा वा पत्ता लागेमा अभिभावकले नै त्यसको जिम्मेवारी लिनु पर्नेछ ।

(४) अभिभावक पहिचान नभएका बालबालिकाको पठनपाठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१९. योग्य नहुने :(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल बैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य मानिने छैन :

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैह्रसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि

संघीय संसद सचिवालय

संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न,

(ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैह्रसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन,

(ग) कुनै पनि पेसा, रोजगार, व्यवसाय सञ्चालन गर्न कुनै नियमनकारी निकायबाट लिनुपर्ने अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को व्यवस्था प्रारम्भ हुनु अघि नै बाह्र वर्ष उमेर पूरा भइसकेको वा कुनै पदमा बहाल भइसकेको, निर्वाचित, मनोनयन वा नियुक्त भइ सकेको वा कार्यरत रहेको वा प्राप्त गरिसेकेको वा भोगिसकेको सुविधाको हकमा सो उपदफामा लेखिएको कुनै कुराले असर पुऱ्याउने छैन ।

२०. <u>माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने</u> : (१) प्रत्येक नागरिकलाई आधारभूत तह र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) निःशुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले यो ऐन तथा अन्य प्रचलित कानूनबमोजिमका सर्त पालना गर्नु पर्नेछ ।

(३) निःशुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२१. <u>पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने</u> : (१) नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक सार्वजनिक विद्यालयका बालबालिकालाई पाठ्यपुस्तक वापतको रकम तोकिएबमोजिम स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले पाठ्यपुस्तक खरिद बापतको रकम शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा कम्तीमा एक महिना अघि नै सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम प्राप्त गरेपछि विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नाको समयमा विद्यार्थीलाई उपलब्ध गराउनेछ ।

२२. <u>शैक्षिक सामग्री प्रदान गर्ने</u> : (१) स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सार्वजनिक विद्यालयमा भर्ना भएका आर्थिक रूपमा विपन्न बालबालिकालाई आवश्यक पर्ने कापी, कलम लगायतका शैक्षिक सामग्री प्रदान गर्न सक्ने छ ।

संघीय संसद सचिवालय

(२) स्थानीय तहले आधारभूत तहसम्मका शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयका लागि तोकिएबमोजिम आवश्यक प्रयोगशाला, कम्प्युटर तथा सूचना प्रविधिको पँहुचको व्यवस्था गर्नु पर्नेछ ।

(३) शैक्षिक सामग्री प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. छात्रवृत्ति वा आर्थिक सहायता प्रदान गर्न सक्ने : (१) मानव विकास सूचाकाङ्कको दृष्टिकोणले तोकिएको सूचाकाङ्कभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदायका वा आर्थिक रूपले विपन्न नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिएबमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

२४. प्राथमिक स्वास्थ्योपचार उपलब्ध गराउने : (१) स्थानीय तहले प्रत्येक सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सरकारी स्वामित्वको स्वास्थ्य संस्थामार्फत तोकिएबमोजिमको निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।

(२) निजी लगानीका विद्यालयमा तोकिएबमोजिमको निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने दायित्व निजी लगानीका विद्यालयको हुनेछ ।

२५. शिक्षणको माध्यम भाषा : (१) विद्यालयले प्रदान गर्ने शिक्षणको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय अध्ययन गर्नुपर्ने अवस्थामा निजले चाहेमा त्यसको सट्टा अन्य कुनै भाषागत विषय अध्ययन गर्न सक्नेछ ।

२६. निजी लगानीका विद्यालयको विशेष जिम्मेवारी : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालयले सञ्चालन गरेका प्रत्येक कक्षामा कम्तीमा दश प्रतिशत स्थानमा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि बालबालिकाको स्थान आरक्षण गरी भर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएबमोजिमको प्रतिस्पर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नु पर्नेछ ।

संघीय संसद सचिवालय

परिच्छेद - ४

मातृभाषामा दिइने शिक्षा तथा विद्यालय सञ्चालन

२७. मातृभाषामा शिक्षा प्राप्त गर्न सक्ने : (१) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

तर त्यस्तो शिक्षा प्रचलित कानूनबमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न त्यस्तो समुदायले माध्यमिक तहसम्मको शिक्षा भए छुट्टै विद्यालय वा शिक्षण संस्था खोल्न र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा अनुदान दिएका शिक्षण संस्था वा सार्वजनिक विद्यालयमा कुनै खास विषयमा नेपाली नागरिकलाई निजको मातृभाषामा शिक्षा प्रदान गर्न सकिनेछ ।

२८. विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नुपर्ने : (१) दफा ३० को उपदफा (२) बमोजिमको विद्यालय वा शिक्षण संस्था जुन समुदायबाट खोलिएको हो सोही समुदायबाट सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले त्यस्तो शिक्षण संस्था वा सार्वजनिक विद्यालय सञ्चालन गर्न त्यस्तो समुदायको अनुरोधबमोजिम सञ्चालन र व्यवस्थापन खर्चमा सघाउ पुऱ्याउन निश्चित रकम प्रत्येक वर्ष अनुदान प्रदान गर्न सक्नेछ ।

परिच्छेद - ५

शिक्षाका लागि बजेट विनियोजन तथा अनुदान

२९. बजेट विनियोजन तथा अनुदानः (१) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय र विद्यार्थी सङ्ख्याका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेटमार्फत प्रत्येक स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको लागि प्रदेश कानूनबमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नु पर्नेछ ।

संघीय संसद सचिवालय

(३) नेपाल सरकार तथा प्रदेश सरकार आफैले सञ्चालन गरेका वा अनुदान प्रदान गरेका शिक्षण संस्थालाई नेपाल सरकार वा प्रदेश सरकारले संघीय कानून वा प्रदेश कानूनबमोजिम आवश्यक अनुदान रकम विनियोजन गर्नु पर्नेछ ।

(४) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा आधारभूत तह तथा माध्यमिक तहको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बजेट विनियोजन गर्दा आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालय तथा स्थानीय तहले सञ्चालन गरेका प्रत्येक विद्यालयलाई बजेट प्राप्त हुने गरी गर्नु पर्नेछ ।

३०. <u>अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्ने :</u> (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका अतिरिक्त अन्य कुनै व्यक्ति, संघ, संस्थाले पनि आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउँदा स्थानीय तहमार्फत वा स्थानीय तहको स्वीकृति प्राप्त गरी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउने कार्यविधि र ढाँचा स्थानीय तहले बनाएको कानूनबमोजिम हुनेछ ।

तर गैह्र आवासीय नेपाली बाहेक विदेशी व्यक्ति, संस्था वा सरकारबाट कुनै सहायता, सहयोग वा रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।

परिच्छेद - ६

<u>कसुर तथा जरिवाना</u>

३१. <u>कसुर तथा जरिवाना :</u>(१) कसैले देहायको कार्य गरेमा यस ऐनबमोजिम कसुर गरेको मानिनेछ :-

(क) दफा ९ को उपदफा (१) बमोजिम बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा वा उपदफा (४) बमोजिम लिखित जानकारी नदिएमा,

(ख) दफा १० को उपदफा (१) बमोजिम निष्काशन गरेमा वा उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउने वा बञ्चित गरेमा,

संघीय संसद सचिवालय

(ग) दफा ११ बमोजिम पुनः भर्ना गर्न इन्कार गरेमा वा दफा १३ बमोजिम स्थानान्तरण प्रमाणपत्र दिन इन्कार गरेमा,

(घ) दफा १६ बमोजिम विपरीतका कुनै कार्य गरेमा,

(ङ) दफा २६ विपरीतको कुनै कार्य गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिमको कसुर गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई देहायबमोजिम जरिवाना गर्न सक्नेछ :

(क) खण्ड (क) र (ग) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रूपैँयासम्म,

(ख) खण्ड (ख) र (घ) बमोजिमको कसुर गर्नेलाई तीन हजार रूपैँयासम्म,

(ग) खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई बिगो बमोजमको रकम वा पच्चीस हजार रूपैँया मध्ये जुन बढी हुन्छ सो रकम ।

(४) दफा २६ प्रतिकूल हुने गरी कुनै रकम असुल उपर गरेको रहेछ भने त्यस्तो रकम समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराउनु पर्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

परिच्छेद - ७

विविध व्यवस्था

३२. अपाङ्गता तथा दलित नागरिकको विशेष अधिकार : (१) अपाङ्गता भएका तथा विपन्न दलित नागरिकलाई शिक्षा प्राप्त गर्ने सम्बन्धमा यस ऐनमा लेखिएका अधिकारका अतिरिक्त प्रचलित कानूनबमोजिम थप विशेष अधिकार प्राप्त हुनेछ ।

३३. विशेष सुविधा सम्पन्न तथा घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने : (१) नेपाल सरकार वा प्रदेश सरकारले पूर्ण वा आंशिक अनुदानमा विशेष सुविधा सम्पन्न विद्यालय तथा घुम्ती विद्यालय खोल्न वा सञ्चालन गर्न सक्नेछ ।

संघीय संसद सचिवालय

(२) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालय स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालयले प्रचलित कानूनले तोकेको मापदण्ड पूरा गर्नु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानमा सञ्चालनमा रहेको विद्यालय वा शिक्षण संस्था यसै ऐनबमोजिम सञ्चालन भएको मानिनेछ ।

३४. अनुगमन सूचकाङ्क : (१) नेपाल सरकारले यस ऐनबमोजिम व्यवस्था भएको शिक्षाको अधिकारको कार्यान्वयनका लागि अनुगमन सूचकाङ्क तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सूचकाङ्क सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ ।

(३) अनुगमन सूचकाङ्कबमोजिम कार्यान्वयन भए नभएको सम्बन्धमा नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायले प्रगतिको मापन गर्न सक्नेछ ।

३५. प्रतिवेदन पेश गर्ने :(१) प्रत्येक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले प्रत्येक वर्ष गाउँ सभा वा नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ :

(क) सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या,

(ख) आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या,

(ग) विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका बालबालिकाको सङ्ख्या,

(घ) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीका सङ्ख्या,

(ङ) आधारभूत तह, माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,

(च) अन्य आवश्यक कुरा ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन जानकारीको लागि वार्षिक रूपमा नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

३६. यसै ऐन बमोजिम हुने : यो ऐन प्रारम्भ भएका बखत सञ्चालनमा रहेका विद्यालय वा शिक्षण संस्था यसै ऐनबमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

संघीय संसद सचिवालय

३७. <u>नियम बनाउने अधिकार</u> : नेपाल सरकारले यो ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

३८. <u>मापदण्ड बनाउने अधिकार</u> : (१) नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको मापदण्ड सार्वजनिक गर्नु पर्नेछ ।

संघीय संघीय संसद सचिवालय